# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. २०८२/२०८३
च.नं. ५६१९

मिति: २०८३/०१/३०

विषय: विद्यालय व्यवस्थापन समितिको मनोनित सदस्य पदमुक्त हुने सम्बन्धमा।

श्री सामुदायिक विद्यालयहरू सबै,
भरतपुर महानगरपालिका, चितवन।

प्रस्तुत विषयमा केही नेपाल ऐनलाई संसोधन गर्ने अध्यादेश, २०८३ मिति २०८३/०१/२० गते नेपाल राजपत्रमा प्रकाशित भै कार्यान्वयनमा आइसकेको सन्दर्भमा सो अध्यादेशले शिक्षा ऐन, २०२८ मा गरेको संशोधन बमोजिम शिक्षा ऐन, २०२८ को दफा १२ को उपदफा (१) को खण्ड (ग) झिकिएकोले सो बमोजिम मनोनित भएका सदस्यहरू स्वत: विद्यालय व्यवस्थापन समितिबाट पदमुक्त भएकोले तपसिल बमोजिम गर्नुहुन अनुरोध छ:

तपसिल:
(१) विद्यमान व्यवस्थापन समितिमा विव्यस अध्यक्ष शिक्षा ऐन, २०२८ (संसोधनसहित) को दफा १२ (१) ग बमोजिम मनोनित १ जना महिलासहित २ जना सदस्यहरूमध्येबाट छनौट भई अध्यक्ष रही रहेको भए निजको पद ऐनमा भएको संशोधन बमोजिम पदमुक्त भैसकेकोले ऐनको दफा (१२) को उपदफा २ (क) बमोजिम ऐ. दफाको उपदफा १ को (क) र (ख) बमोजिमका सदस्यहरूमध्येबाट उपदफा २ (ख) बमोजिम विव्यसको बैठक बसी व्यवस्थापन समिति गठन गर्नुहुन अनुरोध छ।

(२) पुनर्गठन भएका विद्यालय व्यवस्थापन समितिको विवरण शैक्षिक प्रशासन महाशाखामा पेस गर्नुहुन अनुरोध छ।

सुवासचन्द्र आचार्य
उपसचिव

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)